# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकसँग सम्बन्धित विवरण







**२०८२ चैत**



**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।

# भूमिका

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायका कामकारबाहीलाई पारदर्शी एवम् जवाफदेही बनाउने प्रयोजनका लागि सार्वजनिक संस्थाका नीतिगत, प्रक्रियागत तथा व्यवस्थापकीय गतिविधि समेटी विवरणहरू सार्वजनिक गर्नुपर्ने प्रावधानबमोजिम यो पुस्तिका प्रकाशन गरिएको छ । मुलुकको केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले सम्पादन गर्ने कामकारबाहीलाई बैंकको वेबसाइट (www.nrb.org.np), विभिन्न प्रकाशन, सामाजिक सञ्जाल लगायतका माध्यममार्फत सर्वसाधारणको जानकारीको लागि नियमित रूपमा सार्वजनिक गर्दै आएको छ ।

बैंकको कामकारबाही सम्बन्धी अद्यावधिक तथ्याङ्क एवम् विवरण उपलब्ध गराई यो पुस्तिका तयार गर्न सहयोग पुऱ्याउने सम्बन्धित विभाग/कार्यालय/महाशाखालाई धन्यवाद ज्ञापन गर्दछु ।

सुमन नेउपाने
सूचना अधिकारी
नेपाल राष्ट्र बैंक

## विषय सूची

**विवरण** **पेज नं.**


| | | |
|---|---|---|
| १. | नेपाल राष्ट्र बैंक | १ |
| २. | सङ्गठनात्मक स्वरूप | २ |
| ३. | नेपाल राष्ट्र बैंकको स्वीकृत दरबन्दी र कर्मचारी सङ्ख्या | २ |
| ४. | कार्यक्षेत्र | ३ |
| ५. | नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा | ३ |
| ६. | गुनासो सुनुवाइसम्बन्धी व्यवस्था | ३ |
| ७. | विभाग, महाशाखा र जिम्मेवार अधिकारीको सम्पर्क टेलिफोन नम्बर | ४ |
| ८. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ५ |
| ९. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ५ |
| १०. | निर्णयउपर उजुरी सुन्ने अधिकारी | ५ |
| ११. | सम्पादन गरेको मुख्य कामको विवरण | ६ |
| १२. | सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बर | ८ |
| १३. | ऐन, नियम र निर्देशिकाको सूची | ८ |
| १४. | आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरण | ११ |
| १५. | अन्य विवरण | १२ |

## १. नेपाल राष्ट्र बैंक

### (क) परिचय

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन) अनुसार मुलुकको केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकले आफ्नो काम कारबाही गर्दै आएको छ । यस बैंकले नेपाली मुद्राको निष्कासन, बैंकिङ क्षेत्रको नियमन तथा सुपरिवेक्षण, मूल्य स्थायित्व, बाह्य क्षेत्र स्थायित्व, वित्तीय क्षेत्र स्थायित्व, विदेशी विनिमय व्यवस्थापन, आर्थिक अनुसन्धान, बैंकिङ तथा भुक्तानी प्रणालीको विकास लगायतका क्षेत्रमा कार्य गर्दछ । नेपाल राष्ट्र बैंकले नेपाल सरकारको बैंकर, आर्थिक सल्लाहकार र वित्तीय एजेन्टको भूमिकासमेत निर्वाह गर्दै आएको छ ।

### (ख) दूरदृष्टि

आधुनिक, गतिशील, विश्वसनीय र प्रभावकारी केन्द्रीय बैंकको रूपमा स्थापित हुने दूरदृष्टि यस बैंकले लिएको छ ।

### (ग) लक्ष्य

प्रभावकारी मौद्रिक, विदेशी विनिमय, वित्तीय क्षेत्र र भुक्तानी प्रणालीनीतिमार्फत दिगो र समावेशी आर्थिक विकास हासिल गर्दै समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम राख्ने लक्ष्य बैंकले लिएको छ ।

### (घ) उद्देश्य

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन) मा नेपाल राष्ट्र बैंकका उद्देश्यहरू देहायबमोजिम निर्धारण गरिएको छ ।

(क) आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,


(ख) वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने,

(ग) सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने ।

उपरोक्त उद्देश्यमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी बैंकले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ ।

## २. सङ्गठनात्मक स्वरूप

नेपाल राष्ट्र बैंकको सङ्गठनात्मक स्वरूप यसप्रकार रहेको छ :




## ३. नेपाल राष्ट्र बैंकको स्वीकृत दरबन्दी र कर्मचारी सङ्ख्या

आर्थिक वर्ष २०८२/८३ को निम्ति नेपाल राष्ट्र बैंकको स्वीकृत दरबन्दी देहायबमोजिम रहेको छ :

| तह | संख्या |
|---|---|
| अधिकृत विशिष्ट | १८ |
| अधिकृत प्रथम | ६१ |
| अधिकृत द्वितीय | २३७ |
| अधिकृत तृतीय | ४६० |
| सहायक प्रथम | २३६ |
| सहायक द्वितीय | २०३ |
| सहायक तृतीय | ८ |
| कार्यालय सहयोगी प्रथम | १५ |
| कार्यालय सहयोगी द्वितीय | ५ |
| कार्यालय सहयोगी तृतीय | ४० |
| कार्यालय सहयोगी चतुर्थ | ० |
| **कुल स्वीकृत दरबन्दी** | **१,२८३** |

२०८२ चैत मसान्तसम्म कार्यरत कुल कर्मचारी सङ्ख्या : **१,१७५**

## ४. कार्यक्षेत्र

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन) मा नेपाल राष्ट्र बैंकका कार्यहरू देहायबमोजिम निर्धारण गरिएको छः

(क) बैंक नोट तथा सिक्का निष्कासन गर्ने,

(ख) मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,

(ग) विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने, गराउने,

(घ) विनिमय दर पद्धति निर्धारण गर्ने,

(ङ) विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्ने,

(च) वाणिज्य बैंक तथा वित्तीय संस्थालाई बैंकिङ तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(छ) नेपाल सरकारको बैंकर, सल्लाहकार तथा वित्तीय एजेन्टको रूपमा कार्य गर्ने,

(ज) वाणिज्य बैंक तथा वित्तीय संस्थाको बैंक तथा अन्तिम ऋणदाताको रूपमा कार्य गर्ने,

(झ) भुक्तानी, फछ्र्यौट (क्लियरिङ) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने, र

(ञ) तरलता व्यवस्थापनको निमित्त आवश्यक उपकरणको माध्यमद्वारा खुलाबजार कारोबार सञ्चालन गर्ने,

(ट) यस ऐन बमोजिम बैंकको उद्देश्य हासिल गर्नको निमित्त बैंकले गर्नुपर्ने अन्य आवश्यक कार्यहरू कार्यान्वयन गर्ने, गराउने ।

## ५. नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा

(क) माथि बुँदा नं. ४ मा उल्लिखित कार्य क्षेत्रअन्तर्गतका कार्यहरू ।

(ख) सरकारी कारोबार अन्तर्गत सर्वसाधारणलाई बैंकिङ सेवा प्रदान गर्ने ।

(ग) सर्वसाधारणलाई नेपाली रुपैयाँ सटही सुविधा उपलब्ध गराउने ।

(घ) सर्वसाधारणलाई विदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने ।

(ङ) बैंकको दैनिक प्रशासनसम्बन्धी कार्यहरू गर्ने ।

(च) आर्थिक अनुसन्धान तथा अन्वेषण गर्ने ।

## ६. गुनासो सुनुवाइसम्बन्धी व्यवस्था

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, अनुमतिप्राप्त भुक्तानी सेवा सञ्चालक/प्रदायक, विप्रेषण कम्पनी, मनिचेञ्जर लगायतका संस्थालाई ग्राहकप्रति निष्पक्ष, विश्वसनीय र पारदर्शी ढङ्गले सेवा प्रवाहलाई निष्पक्ष तुल्याउने उद्देश्यले 'वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७' जारी गरिएको छ । ग्राहकको गुनासो सुनुवाइको निम्ति वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा आठ सदस्यीय गुनासो व्यवस्थापन समिति गठन गरिएको छ । समितिमा अर्को डेपुटी गभर्नर, बैंक तथा वित्तीय संस्था नियमन विभाग र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक, अर्थ मन्त्रालयका सहसचिव, नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि सदस्य र गभर्नरको कार्यालय, वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका निर्देशक सदस्य-सचिव रहने व्यवस्था रहेको छ । समितिको सचिवालयको रूपमा कार्य गर्न गभर्नरको कार्यालयअन्तर्गत वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखामा 'वित्तीय ग्राहक संरक्षण इकाइ' रहेको छ । साथै, गुनासो सुनुवाइलाई थप व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले गुनासो सुनुवाई पोर्टल सञ्चालनमा ल्याइएको छ र देहायका कुनै पनि माध्यमबाट गुनासो दर्ता गराउन सकिनेछ :

अनलाईन पोर्टल: http://gunaso.nrb.org.np

फोन नं.: ०१-५७१९६०५ (डाइरेक्ट लाइन)

०१-५७१९६४१/४२/४३/५३/५९, एक्स्टेन्सन: १४६६, २३६६

इमेल: gunaso@nrb.org.np

७. विभाग, कार्यालय, महाशाखा, इकाइ र जिम्मेवार अधिकारीको सम्पर्क टेलिफोन नम्बर (चैत २०८२)

| क.सं. | जिम्मेवार अधिकारी | विभाग/महाशाखा/ कार्यालय | टेलिफोन नम्बर |
|---|---|---|---|
| १. | कार्यकारी निर्देशक<br>श्री नरेश शाक्य | लघुवित्त संस्था सुपरिवेक्षण विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. २५०२ |
| २. | कार्यकारी निर्देशक<br>श्री रेवतीप्रसाद नेपाल | सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. ११६० |
| ३. | कार्यकारी निर्देशक<br>श्री रामु पौडेल | बैंक तथा वित्तीय संस्था नियमन विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. २१०३ |
| ४. | कार्यकारी निर्देशक<br>श्री विश्रुत थापा | वित्तीय संस्था सुपरिवेक्षण विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. २७२५ |
| ५. | कार्यकारी निर्देशक<br>श्री दयाराम शर्मा | मौद्रिक व्यवस्थापन विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. ३३१५ |
| ६. | कार्यकारी निर्देशक<br>श्री गुरुप्रसाद पौडेल | मानव संसाधन व्यवस्थापन विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. १२१० |
| ७. | कार्यकारी निर्देशक<br>डा.सत्येन्द्र तिमिल्सिना | भुक्तानी प्रणाली विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. १३४० |
| ८. | कार्यकारी निर्देशक<br>श्री चेतप्रसाद उप्रेती | आन्तरिक लेखा परीक्षण विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. २७६९ |
| ९. | कार्यकारी निर्देशक<br>डा. रामशरण खरेल | आर्थिक अनुसन्धान विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. १४०१ |
| १०. | कार्यकारी निर्देशक<br>डा.डिल्लीराम पोखरेल | विदेशी विनिमय व्यवस्थापन विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं.१५०० |
| ११. | कार्यकारी निर्देशक<br>श्री दीर्घ बहादुर रावल | बैंक सुपरिवेक्षण विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. २२०१ |
| १२. | कार्यकारी निर्देशक<br>श्री निश्चल अधिकारी | सूचना प्रविधि विभाग | ०१-५७१९६३१<br>०१-५७१९६४१/४२/४३<br>एक्स्टेन्सन नं. २७६१ |
| १३. | कार्यकारी निर्देशक<br>श्री अनुज दाहाल | मुद्रा व्यवस्थापन विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. ३२०८ |
| १४. | कार्यकारी निर्देशक<br>श्री दिपक राज लामिछाने | गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. २१०९ |
| १५. | कार्यकारी निर्देशक<br>श्री राजन विक्रम थापा | संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं.१३७५ |
| १६. | कार्यकारी निर्देशक<br>श्री राजेन्द्र भट्टराई | वित्त व्यवस्थापन विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. १३०० |
| १७. | कार्यकारी निर्देशक<br>श्री हिम प्रसाद न्यौपाने | बैंकिङ विभाग | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. ३२५१ |

| | | | |
|---|---|---|---|
| १८. | कार्यकारी निर्देशक<br>श्री मुक्तिनाथ सापकोटा | गभर्नरको कार्यालय | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. २१०५ |
| १९. | निर्देशक<br>श्री निरा ताल्चाभडेल | कानुन महाशाखा | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. १२५० |
| २०. | निर्देशक<br>श्री वासुदेव भट्टराई | वित्तीय जानकारी इकाइ | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. ३४१४ |
| २१. | का.मु.निर्देशक<br>श्री शिखा अधिकारी रेग्मी | वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा | ०१-५७१९६४१/४२/४३/४४<br>एक्स्टेन्सन नं. १४६० |

## ८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

(क) सेवा प्राप्त गर्न लाग्ने दस्तुरः सामान्यतया यस बैंकबाट प्राप्त हुने सेवा प्राप्त गर्न टिकट वा दस्तुर नलाग्ने व्यवस्था गरिएको छ । यस बैंकबाट इजाजतपत्र प्रदान गर्ने सिलसिलामा भने तोकिएबमोजिमको शुल्क बुझाउनुपर्ने व्यवस्था छ ।

(ख) सेवा प्राप्त गर्न लाग्ने अवधिः सेवा प्राप्त गर्न यस बैंकबाट जारी निर्देशिका तथा सूचनामा उल्लेख भएबमोजिमको अवधि लाग्नेछ ।

## ९. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस बैंकमा गरिने निर्णयहरू सामान्यतया नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ (पहिलो संशोधन २०६८) बमोजिम हुने गर्दछन् । नीतिगत निर्णयको हकमा भने सामूहिक निर्णय प्रक्रिया अवलम्बन हुने गर्दछ । मौद्रिक नीतिलगायत अन्य महत्वपूर्ण नीति निर्माण गर्दा गभर्नरको अध्यक्षतामा रहेको व्यवस्थापन समितिमा विस्तृत छलफल गरी सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ । वित्तीय क्षेत्रलाई नियमन गर्न जारी गरिने निर्देशन तथा परिपत्रहरूका सम्बन्धमा वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा रहेको नियमन समितिको सिफारिसमा गभर्नरबाट अन्तिम स्वीकृति प्रदान हुने व्यवस्था रहेको छ ।

नीति निर्देशन कार्यान्वयन एवम् कारवाहीका सम्बन्धमा सम्बन्धित डेपुटी गभर्नरको अध्यक्षतामा रहेको नीति निर्देशन कार्यान्वयन समितिमा छलफल भई गभर्नर वा सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

## १०. निर्णयउपर उजुरी सुन्ने अधिकारी

निर्णयउपर उजुरी सुन्ने अधिकारी निर्णय गर्ने अधिकारीभन्दा एक तहमाथिको अधिकारी वा निकाय हुनेछ ।

## ११. सम्पादन गरेको मुख्य कामको विवरण

### (क) आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिका प्रमुख लक्ष्यहरूको कार्यान्वयन स्थिति

| क्र.सं. | लक्ष्य | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | मुद्रास्फीतिलाई ५.० प्रतिशतको हाराहारीमा राख्ने गरी मौद्रिक विस्तारबाट मूल्यमा चाप पर्न नदिने गरी मौद्रिक व्यवस्थापन गर्ने । | २०८२ चैत महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.४७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ३.३९ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.०१ प्रतिशत रहेको छ भने गैर- खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.७२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमशः २.४५ प्रतिशत र ३.९० प्रतिशत रहेको थियो । |
| २ | कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने । | आर्थिक वर्ष २०८२/८३ को नौ महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २१.८ महिनाको वस्तु आयात र १८.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । |
| ३ | ६.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने गरी वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रतर्फ प्रवाहित गर्ने । | समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ८.५ प्रतिशत (रु.६१५ अर्ब ६७ करोड) ले वृद्धि भई रु.७८७९ अर्ब ५४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ५.७ प्रतिशत (रु.३६८ अर्ब ४७ करोड) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १५.५ प्रतिशतले बढेको छ ।<br>आर्थिक वर्ष २०८२/८३ को नौ महिनामा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहेको कर्जामध्ये उपभोग्य क्षेत्रतर्फको कर्जा ११.७ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा १०.७ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १०.१ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ६.५ प्रतिशत, वित्त बीमा तथा अचल सम्पत्ति क्षेत्रतर्फको कर्जा ५.७ प्रतिशत र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ३.१ प्रतिशतले बढेको छ भने कृषि क्षेत्रतर्फको कर्जा २.३ प्रतिशत ले घटेको छ । |
| ४ | विस्तृत मुद्राप्रदाय १३.० प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा १२.० प्रतिशतसम्मले वृद्धि हुने प्रक्षेपण रहेको । | आर्थिक वर्ष २०८२/८३ को नौ महिनामा विस्तृत मुद्राप्रदाय ८.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ६.२ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ चैत मसान्तमा विस्तृत मुद्राप्रदाय १४.५ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ५.७ प्रतिशत (रु.३११ अर्ब ९५ करोड) ले बृद्धि भई रु.५८०९ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ७.१ प्रतिशत (रु.३६१ अर्ब ३ करोड) ले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.९ प्रतिशतले बढेको छ । |

(ख) **मौद्रिक व्यवस्थापन:** समीक्षा अवधिमा निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.२३०८ अर्ब ६५ करोड, स्थायी निक्षेप सुविधामार्फत रु.३२,९०० अर्ब ६० करोड र नेपाल राष्ट्र बैंक ऋणपत्रमार्फत रु.२०० अर्ब गरी कुल रु.३५,४०९ अर्ब २५ करोड (कारोबारमा आधारित) तरलता प्रशोचन र ओभरनाइट तरलता सुविधामार्फत रु.१२ अर्ब ५० करोड तरलता प्रवाह गरी खुद रु.३५,३९६ अर्ब ७५ करोड बराबरको तरलता प्रशोचन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा मौद्रिक व्यवस्थापनका विभिन्न उपकरणहरूमार्फत पटक-पटक गरी खुद रु.१७,१८३ अर्ब २५ करोड तरलता प्रशोचन गरिएको थियो ।

समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ५ अर्ब २७ करोड खुद खरिद गरी रु.७५७ अर्ब ७७ करोड तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ३ अर्ब ६२ करोड खुद खरिद गरी रु.४८४ अर्ब ७१ करोड तरलता प्रवाह गरेको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलर ३ अर्ब बिक्री गरी रु.४३१ अर्ब ६ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ। अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर २ अर्ब ८४ करोड बिक्री गरी रु.३८६ अर्ब ८१ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

(ग) **बैंक तथा वित्तीय संस्था नियमन:** बाणिज्य बैंक तथा वित्तीय संस्थालाई बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, ती संस्थाको मर्जर र प्राप्तिका विषयमा आवश्यक कार्य गर्ने, मासिक रूपमा बैंकिङ तथ्याङ्क प्रकाशन गर्ने र अन्य नियामकीय कार्य यस बैंकबाट हुँदै आएको छ । बैंक तथा वित्तीय संस्थाहरूका लागि यस बैंकबाट जारी गरिएका एकीकृत निर्देशनहरु देहायको लिङ्कमा उपलब्ध छ:
https://www.nrb.org.np/contents/uploads/2026/01/Unified-Directive-ABC-2082.pdf
https://www.nrb.org.np/contents/uploads/2026/01/MFI-Unified-Directive-2082.pdf
https://www.nrb.org.np/contents/uploads/2026/01/Nifra-Unified-Directive-2082.pdf

(घ) **विदेशी विनिमय व्यवस्थापन :** २०८२ असार मसान्तमा रु.२६७७ अर्ब ६८ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३०.५ प्रतिशतले वृद्धि भई २०८२ चैत मसान्तमा रु.३४९४ अर्ब ७३ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८२ असार मसान्तमा १९ अर्ब ५० करोड रहेकोमा २०८२ चैत मसान्तमा २०.८ प्रतिशतले वृद्धि भई २३ अर्ब ५५ करोड पुगेको छ।
कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८२ असार मसान्तमा रु.२४१४ अर्ब ६४ करोड रहेकोमा २०८२ चैत मसान्तमा २७.७ प्रतिशतले वृद्धि भई रु.३०८२ अर्ब ४१ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०८२ असार मसान्तमा रु.२६३ अर्ब ४ करोड रहेकोमा २०८२ चैत मसान्तमा ५६.८ प्रतिशतले वद्धि भई रु.४१२ अर्ब ३२ करोड कायम भएको छ। २०८२ चैत मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २०.४ प्रतिशत रहेको छ।

(ङ) **वित्तीय पहुँच :** ०८२ चैत मसान्तमा २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी जम्मा १०६ वटा बैंक तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका छन्। २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरू ( लघुवित्त वित्तीय संस्थासमेत) को शाखा सङ्ख्या ११,५२६ रहेकोमा २०८२ चैत मसान्तमा ११,४०१ रहेको छ । यससम्बन्धी अद्यावधिक विवरण https://emap.nrb.org.np/ मा उपलब्ध छ ।

(च) **मौद्रिक नीति तथा अध्ययन/अनुसन्धान :** आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति २०८२ साउन ११ गते सार्वजनिक गरिएको थियो । उक्त नीतिको पहिलो त्रैमासिक समीक्षा २०८२ मंसिर १५ मा र  अर्धवार्षिक समीक्षा २०८२ फागुन १२ सार्वजनिक गरिएको थियो ।

यस बैंकको आर्थिक अनुसन्धान विभागले मुलुकको समष्टिगत आर्थिक तथा वित्तीय परिसूचकहरु समेटी आर्थिक वर्ष २०८२/८३ को ९ महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन सार्वजनिक गरेको छ । साथै, समीक्षा वर्षमा यस बैंकबाट  गरिएका अध्ययन/अनुसन्धानको प्रतिवेदन यस बैंकको वेबसाइटमार्फत सार्वजनिक गरिएको छ ।

यस बैंकबाट आर्थिक वर्ष २०८२/८३ मा जारी गरिएको मौद्रिक नीति, मौद्रिक नीतिको समीक्षा, देशको वर्तमान आर्थिक एवम् वित्तीय स्थितिलगायत अन्य काम कारवाहीको विस्तृत विवरण बैंकको वेबसाइटमा देहायबमोजिम तथा अन्य लिङ्कमा हेर्न सकिने व्यवस्था गरिएको छ ।

https://www.nrb.org.np/contents/uploads/2025/07/Monetary_Policy_2082-083-1.pdf

https://www.nrb.org.np/contents/uploads/2025/08/Monetary_Policy_2082-083_English.pdf

https://www.nrb.org.np/contents/uploads/2026/02/MP-Mid-Term-Review-2082-83.pdf

https://www.nrb.org.np/contents/uploads/2026/05/CMEFs_Nep_Nine-Months_2025.26.pdf

https://www.nrb.org.np/contents/uploads/2026/05/CMEFs_Eng_Nine-Months_2082.83.pdf

https://www.nrb.org.np/red/current-macroeconomic-and-financial-situation-tables-based-on-nine-months-data-of-2025-26/

१२. **संस्था प्रमुख तथा सूचना अधिकारीहरूको नाम तथा सम्पर्क टेलिफोन नम्बरः**

प्रमुख
गभर्नर प्रा.डा. विश्वनाथ पौडेल
फोन नं.: ०१-५७१९६४१/४२/४३
एक्स्टेन्सन नं. २१११/२११४

प्रवक्ता
कार्यकारी निर्देशक श्री गुरुप्रसाद पौडेल
फोन नं.: ०१-५७१९६४१
एक्स्टेन्सन नं. १२१०

सह-प्रवक्ता तथा सूचना अधिकारी :
का.मु.निर्देशक श्री सुमन नेउपाने
फोन नं.: ०१-५७१९६०३
एक्स्टेन्सन नं. २१४१

सहायक सूचना अधिकारी :
उप-निर्देशक डा. संजय प्रसाद मिश्र
फोन नं.: ०१-५७१९६४१/४२/४३/४४
एक्स्टेन्सन नं. २१३९

## १३. ऐन, नियम र निर्देशिकाको सूची

**ऐनहरू**

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन २०७३ सहित)।
२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित)।
३. बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन, २०५८।
४. वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ (संशोधनसहित)।
५. राष्ट्र ऋण ऐन, २०५९।
६. कम्पनी ऐन, २०६३।
७. दामासाही ऐन, २०६३।
८. सुरक्षित कारोबार ऐन, २०६३।
९. बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३।
१०. सार्वजनिक खरिद ऐन, २०६३।
११. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (दोस्रो संशोधन २०७०)।
१२. बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ (दोस्रो संशोधन २०८२)।
१३. भुक्तानी तथा फर्स्यौट ऐन, २०७५।
१४. सूचनाको हक सम्बन्धी ऐन, २०६४।

**नीति, विनियमावली तथा निर्देशिका**

१. खुला बजार कारोबार विनियमावली, २०७१।
२. नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (पाँचौं संशोधन २०७९ सहित)।
३. भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७७।
४. समस्याग्रस्त संस्था रिजोलुसन विनियमावली, २०७१।
५. वित्तीय मध्यस्थतासम्बन्धी विनियमावली, २०५६।
६. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (चौथो संशोधन २०८२ सहित)।
७. नेपाल राष्ट्र बैंक प्रकाशन निर्देशिका, २०६८।
८. नेपाल राष्ट्र बैंक बजेट निर्देशिका, २०६१ (दोस्रो संशोधन २०७२ सहित)।
९. नोट छपाइ तथा सिक्का टकमरी निर्देशिका, २०६५ (पहिलो संशोधन २०७५ सहित)।
१०. ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१।
११. नेपाल राष्ट्र बैंक राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०७४।
१२. नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ (पहिलो संशोधन २०६८ सहित)।
१३. नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५ (पहिलो संशोधन २०७४ सहित)।
१४. बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४।
१५. नेपाल राष्ट्र बैंक कार्य व्यवस्था विनियमावली, २०५९।
१६. राष्ट्र ऋण नियमावली, २०५९ (दोस्रो संशोधन २०६७ सहित)।
१७. नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली, २०५९ (पहिलो संशोधन २०७४ सहित)।
१८. नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९।
१९. नेपाल राष्ट्र बैंक नोट सट्टाभर्ना नियमावली, २०५९।
२०. नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९।
२१. नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४।

२२. नेपाल राष्ट्र बैंक सञ्चालक समितिको बैठक तथा छाप सम्बन्धी विनियमावली, २०६३ ।
२३. नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३ ।
२४. नेपाल राष्ट्र बैंक कागजात धुल्याउने विनियमावली, २०६४ ।
२५. नेपाल राष्ट्र बैंक उच्च अध्ययन सम्बन्धी कार्यविधि, २०६२ (संशोधनसहित) ।
२६. Nepal Rastra Bank IT Policy, 2068
२७. विदेशी बैंकका शाखा स्थापना सम्बन्धी नीति, २०६६ ।
२८. अन्तिम ऋणदाता सम्बन्धी नीतिगत व्यवस्था, २०६७ ।
२९. विदेशी विनिमयमा ऋण लिने दिने सम्बन्धी व्यवस्था ।
३०. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७३ (दोस्रो संशोधन २०७४ सहित) ।
३१. राष्ट्रिय लघुवित्त नीति, २०६४ ।
३२. ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०६९ ।
३३. International Transaction Reporting System (ITRS) Guidelines, 2022
३४. अन्तर बैंक भुक्तानीसम्बन्धी कार्यविधि २०७३ ।
३५. Assets (Money) Laundering Prevention Rule, 2016
३६. मौद्रिक नीति तर्जुमा कार्यविधि, २०७३ ।
३७. नेपाल राष्ट्र बैंक विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी कार्यविधि, २०७२ ।
३८. नेपाल राष्ट्र बैंक खर्च व्यवस्थापन विनियमावली, २०६४ (संशोधनसहित) ।
३९. Foreign Currency Loan Policy, 2059
४०. नेपाल राष्ट्र बैंक लेखा निर्देशिका, २०६५ (दोस्रो संशोधन २०७३) ।
४१. NRB Board of Directors Meeting and Seal Related Byrules 2063 revised
४२. Qualification of Directors and CEO Bylaws, 2074
४३. उपभोक्ता मूल्य सङ्कलन तथा निरीक्षण निर्देशिका, २०७३ ।
४४. नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजत पत्र तथा निरीक्षण विनियमावली,२०६७ ।
४५. नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ ।
४६. नेपाल राष्ट्र बैंक मनिचेञ्जर विनियमावली, २०६७ ।
४७. Payment System Oversight Framework.
४८. सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०७५ ।
४९. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवं प्रक्रियागत व्यवस्था, २०७० (दोस्रो संशोधन, २०७५) ।
५०. पूर्वाधार विकास बैंकको इजाजतसम्बन्धी नीतिगत व्यवस्था, २०७४ ।
५१. नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ ।
५२. सरकारी कारोबार निर्देशिका, २०७६ (पहिलो संशोधन २०७७ सहित) ।
५३. नेपाल राष्ट्र बैंक सूचना तथा सञ्चार नीति, २०७७ ।
५४. भुक्तानी प्रणाली निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७८ ।

## १४. आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी विवरण

**Nepal Rastra Bank**

**Statement of Financial Position (Monthly-Provisional)**

**As at 30th Chaitra 2082**

| LIABILITIES & EQUITY | 30 Chaitra 2082 | *32 Ashadh 2082 |
|---|---|---|
| **Foreign currency liabilities** | | |
| Derivative liabilities | - | - |
| Deposit of bank and financial institutions | 9,942,136,039 | 10,493,587,420 |
| IMF related liabilities | 44,325,464,233 | 41,237,741,376 |
| **Total foreign currency liabilities** | **54,267,600,272** | **51,731,328,796** |
| **Local currency liabilities** | | |
| Bills Payable | 81,769,036 | 54,245,636 |
| Deposit of bank and financial institutions | 374,470,776,555 | 388,635,552,440 |
| Deposit of Government | 393,072,851,264 | 70,837,099,174 |
| Deposit of other institutions | 11,287,102,199 | 12,502,055,256 |
| Currency in circulation | 769,208,729,137 | 750,112,422,154 |
| Due to bank and financial institutions | 863,100,000,000 | 654,050,000,000 |
| IMF related liabilities | 12,464,816,036 | 12,464,816,036 |
| Surplus payable to Government | 7,000,000,000 | 42,000,000,000 |
| Other liabilities | 4,294,682,395 | 2,027,025,539 |
| Pension and other employment benefits payable | 9,741,996,098 | 10,798,671,487 |
| **Total local currency liabilities** | **2,444,722,722,720** | **1,943,481,887,722** |
| **EQUITY** | | |
| Capital | 5,000,000,000 | 5,000,000,000 |
| Reserves | 968,051,176,815 | 671,026,323,285 |
| **Total liabilities and equity** | **3,472,041,499,807** | **2,671,239,539,803** |

| ASSETS | 30 Chaitra 2082 | *32 Ashadh 2082 |
|---|---|---|
| **Foreign currency assets** | | |
| Cash and balances with banks | 216,869,141,484 | 195,522,615,444 |
| Derivative assets | - | - |
| IMF related assets | 21,024,294,734 | 23,552,113,844 |
| Term deposit with foreign banks | 601,313,712,564 | 561,777,218,459 |
| Investments in foreign securities | 2,276,118,263,295 | 1,668,276,021,551 |
| Investment in Gold Certificates | 252,501,792,064 | 118,193,529,311 |
| Other receivables | - | - |
| **Total foreign currency assets** | **3,367,827,204,141** | **2,567,321,498,609** |
| **Local currency assets** | | |
| Balances with banks | 166,989,495 | 8,394,919 |
| Investment in Government securities | 14,280,254,900 | 15,185,270,309 |
| Investment in bonds & term deposit | 4,232,668,438 | 6,822,515,860 |
| Advances and receivable from Government | 260,548,220 | 260,548,220 |
| Loan and advances to bank and financial institutions | 118,231,578 | 118,231,579 |
| Other loan and advances | 12,722,842,733 | 9,144,728,192 |
| Equity investment | 5,005,736,072 | 5,005,736,072 |
| Other receivables | 7,567,957 | 2,063,528 |
| Gold and silver assets | 55,416,297,271 | 55,416,574,175 |
| Inventories | 1,987,608,817 | 1,922,307,587 |
| Property, plant and equipment | 6,295,224,011 | 6,309,276,910 |
| Intangible assets | 32,011,376 | 35,291,595 |
| Other assets | 3,688,314,798 | 3,687,102,248 |
| **Total local currency Assets** | **104,214,295,666** | **103,918,041,194** |
| **Total assets** | **3,472,041,499,807** | **2,671,239,539,803** |

*Audited Figures.

| | | | |
|---|---|---|---|
| Ranjan Tachamo | Rakesh Prajapati | Rajan Dev Bhattarai | Rajendra Bhattarai |
| Assistant Director | Deputy Director | Director | Executive Director |

## १५. अन्य विवरण

**(क) नेपाल राष्ट्र बैंकको वेबसाइट : www.nrb.org.np**

**(ख) अन्य प्रकाशित पुस्तक/पुस्तिका एवम् सूचना सामग्रीहरू**

नेपाल राष्ट्र बैंक समाचार – मासिक

NRB News – त्रैमासिक

नेपाल राष्ट्र बैंक समाचार वार्षिकोत्सव विशेषाङ्क– वार्षिक

मिर्मिरे– अर्धवार्षिक

देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति – मासिक

मौद्रिक नीति – वार्षिक

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा – अर्धवार्षिक

मौद्रिक नीतिको त्रैमासिक समीक्षा – त्रैमासिक

वार्षिक प्रतिवेदन– वार्षिक

NRB Economic Review– अर्धवार्षिक

Macroeconomic Indicators– त्रैमासिक

नेपाल राष्ट्र बैंकको वित्तीय विवरण – मासिक

**Macroeconomic-Report-February-2026.pdf**

A Report on the Status of Real Estate Market in Nepal

Report on Compilation of Consumer Price Index in Nepal

Survey-Report-on-Foreign-Direct-Investment-2023-24

Report on Second Salary and Wage Index Survey

Nepal Rastra Bank: Then, Now and Ahead; April 2016

विद्यार्थीसँग नेपाल राष्ट्र बैंक, २०७० पुस

Sixty Years of Nepal Rastra Bank

Reflection of Former Governors

**(ग) केन्द्रीय कार्यालयका टेलिफोन नम्बरहरू**

केन्द्रीय कार्यालय, बालुवाटरका टेलिफोन नम्बरहरू
०१-५७१९६४१, ५७१९६४२, ५७१९६४३, ५७१९६५३, ५७१९६५९

**(घ) बैंकिङ विभाग, थापाथली, काठमाडौंका टेलिफोन नम्बरहरू**

०१-५७१९६८३, ५७१९६८४, ५७१९६८६, ५७१९६८८

**(ङ) प्रदेशस्थित कार्यालयका टेलिफोन नम्बरहरू**

| क्र.सं. | कार्यालयको नाम | स्थान | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १. | ने.रा.बैंक, विराटनगर कार्यालय | विराटनगर | ०२१-४४२१९० | ०२१-४४२३१९ |
| २. | ने.रा.बैंक, जनकपुर कार्यालय | जनकपुर | ०४१-४२६३६२ | ०४१-४२६२७७ |
| ३. | ने.रा.बैंक, वीरगञ्ज कार्यालय | वीरगञ्ज | ०५१-४१८१५३ | ०५१-४१८१०२ |
| ४. | ने.रा.बैंक, पोखरा कार्यालय | पोखरा | ०६१-४६२७१४ | ०६१-४६२५६१ |
| ५. | ने.रा.बैंक, सिद्धार्थनगर कार्यालय | सिद्धार्थनगर | ०७१-५२०३४४ | ०७१-५२०१८९ |
| ६. | ने.रा.बैंक, नेपालगञ्ज कार्यालय | नेपालगञ्ज | ०८१-५२०३२६ | ०८१-४१५०८३ |
| ७. | ने.रा.बैंक, धनगढी कार्यालय | धनगढी | ०९१-५२७७०८ | ०९१-५२१३२२ |
| ८. | ने.रा.बैंक, सुर्खेत कार्यालय | सुर्खेत | ०८३-५२०५१७ | ०८३-५२३८८१ |

**(च) प्रदेशस्थित कार्यालयका सूचना अधिकारीहरु**

| क्र.सं. | नाम | कार्यालय | मोबाइल नं. |
|---|---|---|---|
| १. | श्री लक्ष्मीप्रसाद तिम्सिना | ने.रा.बैंक, विराटनगर | ९८४२२७८६९९ |
| २. | श्री स्नेहा अग्रवाल | ने.रा.बैंक, जनकपुर | ९८४१४०९९०४ |

| | | | |
|---|---|---|---|
| ३. | श्री जगदिश कुमार | ने.रा.बैंक, वीरगञ्ज | ९८५११२०००४ |
| ४. | श्री रामकुमार कार्की | ने.रा.बैंक, पोखरा | ९८५६००२३५५ |
| ५. | श्री जीवनप्रकाश पाण्डेय | ने.रा.बैंक, सिद्धार्थनगर | ९८५७०२०९३५ |
| ६. | श्री भिमार्जुन शाह | ने.रा.बैंक, नेपालगञ्ज | ९८५८०६२२१३ |
| ७. | श्री मेघनाथ तिमल्सिना | ने.रा.बैंक, धनगढी | ९८४१३७२३०३ |
| ८. | श्री सागर मालाकार | ने.रा.बैंक, सुर्खेत | ९८२३५२२५५४ |